**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) संग सम्वन्धित अनुसूची - १४ बमोजिम आ.व. २०६६/६७ को द्वित्तीय त्रैमासिक प्रतिवेदन**

**१. वित्तिय विवरण**

(क) वासलात तथा नाफा नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकासित गरिएको छ ।

(ख) प्रमुख वित्तिय अनुपातहरु

प्रति शेयर आम्दानी रु.१३.५१
मूल्य आम्दानी अनुपात ३२.५६
प्रति शेयर नेटवर्थ रु.१६१.९८
प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.२,२०१.९०
तरलता अनुपात ६.६१%

**२. व्यवस्थापकीय विश्लेषण**

(क) यस त्रैमासिकमा बैंकको श्रोत तथा साधनहरुको उच्चतम परिचालनको फलस्वरुप जायजेथा, संचित नाफा तथा आम्दानीहरु सन्तोषजनक रुपले वृद्धि भएको छ भने मौज्दात, तथा तरलताको अवस्था पनि सन्तोषजनक नै रहेको छ । बैंकको तरल सम्पत्तिमा समेत वृद्धि गरिएको छ ।

(ख) आगामी अवधिमा गुणस्तरिय सेवामा वृद्धि गर्नुको साथै समयसापेक्ष ग्राहकमुखी व्यवसायिक योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने, लगानीका नयां क्षेत्रहरुको खोजी गर्ने, ग्रामिण क्षेत्र समेत समेट्ने गरी थप नयां शाखाहरुको स्थापना गर्ने साथै चौबिसै घण्टा बैकिङ्ग सेवा प्रदान गर्ने उदेश्य अनुरुप आफ्ना शाखा कार्यालयहरुका साथै अन्य स्थानहरुमा समेतगरी थप नयां एटीएम को व्यवस्था गर्ने, व्यवसायिक संजालमा वृद्धि गर्ने, व्यवसायिक विविधिकरण तथा ग्राहकको चाहनाबमोजिम आधुनिक बैंकिङ्ग तथा वित्तिय सेवा तथा सुविधाहरु सुरु गर्ने बैंकको योजना रहेको छ ।

(ग) विगतको अनुभवबाट संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समिक्षा अवधिमा पाइएको छैन ।

**३. कानूनी कारवाही सम्वन्धी विवरण**

क. यस अघि उल्लेख गरिएका मुद्दाहरु सम्मानिय अदालतमा विचाराधिन रहेका छन् । यस अवधिमा बैंकको विरुद्ध वा बैंकले अरु कसैको विरुद्ध मद्धा दायर गरेको छैन ।

ख. यस बैंकका संस्थापक तथा संचालकहरु उपर वर्तमान कानूनको पालना नगरेको वा वित्तीय अनुशासन पालन नगरेको सम्वन्धमा यस बैंक विरुद्ध कुनै पनि मुद्धा दायर गरिएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धी विश्लेशण**

(क) शेयर कारोवारमा हुने उतार चढाव, एवं वजार मूल्य माग र आपूर्तिको आधारमा हुने गरेको हुंदा यसमा बैंक व्यवस्थापनको विषेश राय नरहेको ।

(ख) यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या (नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार) यस प्रकार छ:

अधिकतम मूल्य रु.७८०
न्यूनतम मूल्य रु.४३५
अन्तिम मूल्य रु.४४०
कारोवार भएको कूल दिन ५२ दिन
शेयर कारोवार संख्या ६५,५३६ कित्ता

५. **समस्या तथा चुनौती**

अन्तराष्ट्रिय आर्थिक मन्दिको निरन्तरता, बैंकिङ्ग क्षेत्रमा वढी रहेको थप प्रतिस्पर्धा, विद्यमान वित्तीय बजारमा दखिएको तरलताको अभाव, निक्षेपमा दिईने व्याजदरमा भएको बृद्धि र सोहि अनुरुपमा कर्जाको व्याजदरमा बृद्धि नहुनु, लगानीको अवसरमा देखिएको कमि, बन्द हडताल, लोडसेडिङ, देशको संक्रमणकालीन स्थिति, दक्ष जनशक्तीको अभाव, सिमित शाखाहरु आदिलाई बैंकले समस्या तथा चुनौतिको रुपमा लिएको छ । यी चुनौतीहरुवाट बैंकको विकासमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै बैंकले आफनो व्यवसायहरुमा विविधीकरण गर्ने, शाखा विस्तारलाई अफ तिव्रता दिने, लगानीको उच्चतम प्रतिफल दिने नयां तथा सुरक्षित क्षेत्रहरुको खोजि गर्ने, सेवालाई अफ गुणस्तर वनाउने, प्रविधीमा थप लगानी गर्ने एवं ग्राहकमूखि सेवालाई अफ गुणस्तर वनाउने तथा नयां ग्राहकमूखि सेवा अभिवृद्धि गर्ने जस्तो रणनीति अवलम्बन गरेको छ ।

६. **संस्थागत सुशासन**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम सम्वन्धी विवरण:
नेपाल राष्ट्र बैंकबाट जारी गरिएको संस्थागत सुशासन सम्बन्धि निर्देशिकाको पुर्ण पालना गर्नुको साथै बैंकको लेखापरीक्षण समिती मार्फत संस्थागत सुशासन पालना भए नभएको सम्बन्धमा आवश्यक लेखाजोखा गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंकबाट समय समय मा हुने स्थलगत निरीक्षण एवं बाहय तथा आन्तरीक लेखापरीक्षणको प्रतिवेदनमा दिइएका सुफावहरुलाई समिक्षा तथा कार्यान्वयन गर्दै संस्थागत सुशासनलाई अफ सुदृढ बनाउनको लागी बैंक व्यबस्थापन पुर्ण रुपमा कटिबद्ध छ । संचालन जोखिमहरु कम गर्न तथा कारोवारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरुको तर्जुमा गरि लागु गरिएको छ भने कर्जा तथा जोखिम व्यवस्थापन समिति, पदपूर्ति तथा बढुवा समिति, सम्पत्ति तथा दायित्व समिति लगायत विभिन्न समितिहरु संस्थागत सुशासन प्रति प्रतिबद्ध छन् ।

७. **सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उदघोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म जिम्मेवारी लिन्छु । मैले जाने बुफे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् । बैंकको वित्तीय स्थिती लगायत अन्य विषयमा थप जानकारीको आवश्यकता भएमा बैंकमा सम्पर्क राख्नुहुन समेत अनुरोध गर्दछु ।